**सर्वोच्च अदालत, पूर्ण इजलास**

**माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल**

**माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे**

**माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी**

**आदेश**

०७३-WO-०४५४ (०७३-FN-०३७१)

विषयः उत्प्रेषण ।

डा. केदारनरसिंह के.सी.समेत------------------------------------------------------ निवेदक

विरुद्ध

जिल्ला स्वास्थ्य कार्यालयसमेत------------------------------------------------------ विपक्षी

यसमा प्रस्तुत रिट निवेदन र यसै साथ पेश भएका अन्य रिट निवेदनहरुमा यस अदालतबाट विभिन्न मितिमा जारी भएका अन्तरिम आदेश बदर गरी पाउँ भनी विपक्षी अर्थ मन्त्रालयको तर्फबाट परेको निवेदनमा यस अदालतको संयुक्त इजलासबाट सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(घ) बमोजिम पूर्ण इजलासमा पेश गर्नु भनी मिति २०७३।१०।११ मा भएको आदेश बमोजिम प्रस्तुत निवेदन र यसै प्रकृतिका अन्य निवेदन समेत यस इजलास समक्ष पेश हुन आएको देखिन्छ।

प्रस्तुत रिट निवेदन र यस्तै प्रकृतिका अन्य रिट निवेदनमा यस अदालतबाट विभिन्न मितिमा जारी भएका अन्तरिम आदेश खारेज गरी पाउँ भनी यस अदालतमा निवेदन दायर गर्ने अर्थ मन्त्रालय समेतको तर्फबाट उपस्थित विद्वान सह-न्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी, विद्वान उप-न्यायाधिवक्ता श्री टिकेन्द्र दाहाल तथा परोपकार तथा प्रसुती तथा स्त्री रोग अस्पतालको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री पदम गिरी, रिट निवेदक विनोद सिंहको तर्फबाट विद्वान बरिष्ठ अधिवक्ता श्री सतिशकृष्ण खरेल तथा रिट निवेदक डा. केदार नरसिंह के.सी., दिनेश पण्डित र विनोदकुमार सिंहको तर्फबाट विद्वान अधिवक्ता श्री दिपनारायण साह र रिट निवेदक विवेक आचार्य र गीता भट्टसमेतको तर्फबाट विद्वान अधिवक्ता श्री रामपुकार महतोले गर्नु भएको बहससमेत सुनियो।

संयुक्त इजलासले प्रस्तुत रिट निवेदन यस इजलास समक्ष पेश गर्ने आदेश गर्दा यस अदालतबाट निवेदक हरिन्द्रप्रसाद कोइरी समेत विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको ०६६-WO-०३४९ र निवेदक केशव थापा क्षेत्री समेत विरुद्ध

मन्त्रिपरिषद्को कार्यालय समेत भएको ०६५ सालको ०६५-WO-०३३५/४४२२ को विषयमा यसै प्रकृतिको विवाद भै खाईपाई आएको प्राविधिक २ ग्रेडको सुविधालाई निरन्तरता दिई तलवमान कायम गर्नु भनी संयुक्त इजलासबाट परमादेशको आदेश जारी भै रहेको देखिएको छ। यस अदालतबाट अन्तरिम आदेश जारी हुँदा पृष्ठभूमिमा उक्त आदेशलाई मध्यनजर गरिएको र संयुक्त इजलासबाट भएका अन्तिम आदेशमा पूर्ण इजलासबाट मात्र पुनः विचार हुन सक्ने अवस्था रहन गएको छ। संयुक्त इजलासबाट भएका सोही फैसला हेरेर नै मिति २०७३।४।१ बाट लागू भएको तलवमान र ग्रेडको सन्दर्भमा खाईपाई आएको सुविधामा प्रतिकूल असर पर्‍यो भन्ने आधारमा यस अदालतबाट अन्तरिम आदेश जारी भएको पाइयो। हाल अर्थ मन्त्रालयको तर्फबाट परेका निवेदनहरु हेर्दा त्यसरी अन्तरिम आदेश हुँदा २०५७ साल अघि र पछि नियुक्त प्राविधिक कर्मचारीहरु बीचमा नै विभेद हुन गयो। नेपाल सरकारको निर्णय कुनै व्यक्ति विशेषको लागि नभएर समान रुपमा सबै प्राविधिक कर्मचारीहरुका लागि लागु हुने गरी गरिएको हुनाले निजामती सेवा ऐनको दफा ५८ को व्यवस्था आकर्षित नहुने, त्यसै गरी खाईपाई आएको सुविधाले भविष्यमा प्राप्त हुने लाभको अनुपातलाई सम्बोधन गर्दैन भन्ने समेत आधारबाट उक्त अन्तरिम आदेशहरु खारेज गरी पाऊँ भन्ने अर्थ मन्त्रालयले जिकिर लिएको देखिन्छ। यी कानूनी प्रश्नहरुको निरुपण पूर्ण इजलासबाट भएमा समान प्रकृतिका निवेदनहरुमा सम्यक दृष्टिकोण बन्न जाने भन्ने राय सहित प्रस्तुत विषय पूर्ण इजलासमा प्रेषित गरेको देखियो।

यस सम्बन्धमा प्रस्तुत रिट निवेदनको मिसिल संलग्न कागजात अवलोकन गर्दा नेपाल सरकारको मिति २०७३।३।३१ को निर्णय अनुसार मिति २०७३।४।१ गते देखि लागु हुने गरी स्वीकृत गरेको नेपाल सरकारका कर्मचारीहरुको नयाँ तलवमान एवं ग्रेड र प्राविधिक कर्मचारीहरुको ग्रेड सम्बन्धमा समेत अर्थ मन्त्रालयबाट च.नं. २ मिति २०७३।४।४ को पत्रबाट उल्लेख भएको देखिएको छ। उक्त पत्रको खण्ड (ख) मा २०७३ श्रावणदेखि कायम तलवमानमा बार्षिक ग्रेड वृद्धि संख्या कायम गर्दा अपनाउनु पर्ने कार्यविधिसमेत उल्लेख भएको देखिन्छ। सोहि पत्रको खण्ड (ग) मा मिति २०५७।४।१ भन्दा अगाडि प्राविधिक पदमा नियुक्ति पाई प्राविधिक वा सो सरह तलव भत्ता खाईपाई आएका राष्ट्रसेवक कर्मचारीहरुको लागि २०५७ सालको विशेष व्यवस्था अन्तर्गत प्राविधिक ग्रेड वापत २०७३ असार मसान्तसम्म खाईपाई आएको रकम नयाँ तलवमानमा थप गरी तलव भुक्तानी दिने भन्ने उल्लेख भएको पाइन्छ ।

निवेदकहरुले सोही खण्ड(ग) लाई आधार बनाई हामीहरुले २०५७ सालदेखि खाईपाई आएको २ ग्रेडलाई तलवमानमा कायम गर्न मिल्ने हुँदैन र हामीले खाईपाई आएको २ ग्रेडको सुविधा हटाउन मिल्दैन भनी रिट निवेदनमा दावी लिएको देखिन आएको छ।

अर्थ मन्त्रालयको उक्त मिति २०७३।४।४ को पत्रको खण्ड (ग) को बेहोरा हेर्दा निवेदकहरुले खाईपाई आएको २ ग्रेडको सुविधा हटाएको नदेखिई उक्त २ ग्रेडको सुविधा निजहरुको तलवमानमा नै समावेश गरेको भन्ने देखिन्छ। सोही बमोजिम अन्य कर्मचारीहरुले पाए सरहको ग्रेड उल्लिखित खण्ड (ख) अनुसार समायोजन भई रिट निवेदकहरुले प्राप्त गर्न सक्ने नै देखिन आएको छ। प्रस्तुत रिट निवेदनमा रिट निवेदकहरुले खाईपाई आएको तलव सुविधा नेपाल सरकारले घटाएको भन्ने निवेदन दावी रहेको समेत देखिँदैन।

निवेदकहरुले आफ्नो रिट निवेदनमा उल्लेख गर्नु भएको ०६५-WO-०३३५/४४२२ को मुद्दामा यस अदालतबाट मिति २०६६।१।१३ मा भएको फैसला अवलोकन गर्दा सो मुद्दामा नेपाल सरकारले मिति २०६५।६।१ मा प्राविधिक कर्मचारीहरुको तलव र ग्रेड कायम गर्ने सम्बन्धमा गरेको निर्णयमा प्रष्ट रुपमा प्राविधिक कर्मचारीले खाईपाई आएको २ ग्रेड नपाउने भन्ने उल्लेख भएको परिप्रेक्ष्यमा नेपाल सरकारको उक्त निर्णय समानताको सिद्धान्त विपरीत भएको भन्ने आधारमा रिट जारी भै बदर भएको देखिएको अवस्था छ भने हालको अवस्थामा प्राविधिक कर्मचारीले खाईपाई आएको २ ग्रेडलाई तलवमानमा नै समाहित गरी ग्रेड र तलवसमेत वृद्धि गरेको अवस्था हुँदा उक्त ०६५-WO-०३३५/४४२२ को मुद्दा र प्रस्तुत रिट निवेदनको विषयवस्तु समान प्रकृतिको रहेको भन्न मिल्ने देखिएन। फरक प्रकृतिको विषयमा प्रतिपादित सिद्धान्त फरक विवादमा आकर्षित हुन सक्ने अवस्था हुँदैन। प्रस्तुत रिट निवेदकहरुको सम्बन्धमा नेपाल सरकारको निर्णयबाट खाईपाई आएको तलव सुविधामा कटौती भएको अवस्था देखिँदैन। निजामती सेवा ऐन, २०४९ को दफा २७(३) को व्यवस्था हेर्दा समेत निजामती कर्मचारीले प्रत्येक बर्ष पूरा गरेपछि तलव वृद्धि पाउने र यसरी तलव वृद्धि तोक्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको रकममा नघट्ने गरी तलव वृद्धि संख्या मिलान गरिने भन्ने व्यवस्था रहेको देखिन्छ। ऐनमा भएको उक्त व्यवस्था बमोजिम पनि नेपाल सरकारले निजामती कर्मचारीले खाईपाई आएको रकम नघट्ने गरी तलव वृद्धि संख्या मिलान गर्न सक्ने देखिन्छ।

तसर्थ, उल्लिखित आधार र कारण समेतबाट प्रस्तुत रिट निवेदनमा निवेदकहरुले खाईपाई आएको तलव समेतको सुविधा नेपाल सरकारले घटाएको भन्ने निवेदन माग नरहेको, त्यसरी खाईपाई आएको सुविधा घटाएको पनि नदेखिएको, निवेदकहरुले उल्लेख गरेको निवेदन बेहोरा र रिट नं. ०६५-WO-०३३५/४४२२ र रिट नं. ०६६-WO-०३४९ मा यस अदालतबाट भएको आदेश फरक विषयवस्तुमा सम्बन्धित रहेको समेतको परिप्रेक्ष्यमा निवेदन माग दावी बमोजिम आदेश जारी हुने नहुने भन्ने सम्बन्धमा प्रस्तुत रिटमा अन्तिम निर्णय हुँदा समग्रमा विचार हुन सक्ने अवस्था देखिँदा सुविधा र सन्तुलनको दृष्टिकोणबाट समेत हाललाई नेपाल सरकारको मिति २०७३।३।३१ को निर्णय र अर्थ मन्त्रालयको मिति २०७३।४।४

को परिपत्रको कार्यान्वयन रोक्न उपयुक्त नहुने हुँदा प्रस्तुत रिट निवेदनमा यस अदालतबाट मिति २०७३।८।२० मा जारी भएको अन्तरिम आदेशलाई कायम राख्नु उपयुक्त हुने नदेखिँदा उक्त अन्तरिम आदेशलाई निष्क्रिय गरी दिएको छ। आदेशको जानकारी विपक्षी अर्थ मन्त्रालयलाई दिई यस्तै प्रकृतिका प्राविधिक कर्मचारीको ग्रेडसँग सम्बन्धित सबै रिट निवेदनहरु एकै साथ राखी सुनुवाईको लागि पेश गर्नू ।

न्यायाधीश | न्यायाधीश | न्यायाधीश

इति संवत् २०७३ साल फागुन २० गते रोज ६ शुभम्---------------------।